# मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

**प्रस्तावनाः** सुदूरपश्चिम प्रदेशमा कृषि, पशुपन्छी तथा मत्स्य व्यवसायलाई प्रतिस्पर्धी बनाई उत्पादनमा अभिबृद्धि गरी कृषि उपजको आन्तरिक माग पुर्ति गर्दै आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनका लागि कृषि पूर्वाधार, बीउबिजन, सिंचाई, ढुवानी, कृषि उपज संकलन र बजार विकास गर्दै कृषकलाई एकीकृत रूपमा सेवा प्रदान गर्नका लागि प्रदेश सरकारको नीति तथा कार्यक्रम अनुसार कृषक, कृषक समूह, समिति र सहकारीको सहकार्यमा स्थानीय तहमा "मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम" लाई पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी ढंगले सञ्चालन गर्न वान्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ बमोजिम सुदूरपश्चिम प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) "कार्यक्रम" भन्नाले मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम सम्झनु पर्छ ।

(ख) "कार्यक्रम निर्देशक समिति" भन्नाले दफा ७ बमोजिम गठित समिति सम्झनु पर्छ ।

(ग) "कृषि व्यवसाय" भन्नाले विभिन्न कृषि बाली वस्तु, पशुपन्छी तथा माछा उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धि कार्य सम्झनु पर्छ ।

(घ) "गाउँ सहजकर्ता" भन्नाले दफा ८ बमोजिम ज्ञान केन्द्र वा विज्ञ केन्द्रले करारमा नियुक्त गरेको प्राविधिक कर्मचारी सम्झनु पर्छ ।

(ङ) "निर्देशनालय" भन्नाले कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(छ) "मुख्यमन्त्री नमूना कृषि गाउँ" भन्नाले दफा ४ बमोजिमको मापदण्ड पुगेको कृषक समुदाय बसोबास गर्ने गाउँलाई सम्झनु पर्छ ।

(ज) "विज्ञ केन्द्र" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई सम्झनु पर्छ ।

(झ) "समिति" भन्नाले दफा ५ बमोजिम गठित नमूना कृषि गाउँ कृषक समन्वय समिति सम्झनु पर्छ ।

(ञ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका र उपमहानगरपालिका सम्झनु पर्छ ।

(ट) "साझेदार" भन्नाले मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन गर्नका लागि ईच्छुक स्थानीय तह, कृषक समूह, निजी व्यवसायी र सहकारी संस्था आदि सम्झनु पर्छ ।

(ठ) "ज्ञान केन्द्र" भन्नाले कृषि ज्ञान केन्द्रलाई सम्झनु पर्छ ।

## परिच्छेद-२
## कार्यक्रमको कार्यक्षेत्र र व्यवसाय छनौट

३. कार्यक्रमको कार्यक्षेत्र र व्यवसाय छनौट : (१) यो कार्यक्रम सुदुरपश्चिम प्रदेशका ८८ वटै स्थानीय तहमा सम्बन्धित ज्ञान केन्द्र र विज्ञ केन्द्रले सिफारिस गरेका गाउँमा सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गाउँ सिफारिस गर्दा कुनै एक कृषि व्यवसाय छनौट गरी सो व्यवसायको विस्तृत सम्भाव्यता, दीगोपना र लाभ लागतको विश्लेषण सहित औचित्यता खुलाई यथार्थपरक ढंगले सिफारिस गर्नु पर्नेछ ।

४. मूख्यमन्त्री नमूना कृषि गाउँका मापदण्डः(१) दफा ३ को सर्वमान्यतामा प्रतिकूल नहुने गरी मूख्यमन्त्री नमूना कृषि गाउँ छनौट गर्दा देहाय बमोजिमको मापदण्ड अवलम्बन गर्नु पर्नेछः-

(क) मोटरबाटो, विद्युत, सञ्चार र सिंचाईको सुविधा भएको,

(ख) पशुपन्छी पालनतर्फ कम्तीमा ५० र कृषितर्फ १०० घरधुरी भएको,

(ग) अन्य आयोजना तथा कार्यक्रम सञ्चालन नभएको,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यविधि बमोजिम मूख्यमन्त्री नमूना कृषि गाउँ कार्यक्रम लागू भएको एक वर्ष पश्चात कायम हुनुपर्ने थप अन्य मापदण्ड अनुसूची-१ बमोजिम पूरा भएको हुनुपर्नेछ ।

५. <u>नमूना कृषि गाउँ कृषक समन्वय समिति</u>ः (१) यस कार्यविधि बमोजिम छनौट भएका मूख्यमन्त्री नमूना कृषि गाउँमा कार्यक्रम सञ्चालनमा समन्वय तथा सहजीकरण गर्न बढीमा ७ सदस्यीय नमूना कृषि गाउँ कृषक समन्वय समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा कृषक, कृषक समुह, कृषि सहकारी संस्था, कृषक उद्यमीहरु मध्येबाट छानिएका व्यक्तिहरु अध्यक्ष-१, उपाध्यक्ष-१, कोषाध्यक्ष-१, सदस्य-३ रहनेछन् ।

(३) उपदफा (१) बमोजिमको समितिमा सम्बन्धित ज्ञान केन्द्र वा विज्ञ केन्द्रको प्रतिनिधि सदस्य-सचिव रहनेछ ।

(४) यस दफा बमोजिम गठित समितिलाई ज्ञान केन्द्र वा विज्ञ केन्द्रमा दर्ता गर्नु पर्नेछ।

(५) समितिको बैठक अध्यक्षको निर्देशनमा मिति, समय र स्थान तोकी सदस्य-सचिवले बोलाउनु पर्नेछ ।

(६) बहुमत सदस्यहरुको उपस्थितिलाई बैठकको गणपुरक संख्या मानिनेछ ।

(७) समितिले आवश्यकता अनुसार विषय विशेषज्ञ तथा सरोकारवालाहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठक मासिक रुपमा अनिवार्य र आवश्यकतानुसार अन्य समयमा समेत बस्नेछ ।

६. <u>समितिको काम, कर्तव्य र अधिकार</u>ः दफा ५ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम सञ्चालन गर्नका लागि कृषक परिवारहरुको पहिचान तथा तथ्यांक संकलन गर्न ज्ञान केन्द्र वा विज्ञ केन्द्रलाई सहयोग गर्ने,

(ख) कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक उत्पादन सामग्री र सोको परिमाणको आङ्कलन गर्ने,

(ग) उत्पादन योजना तथा लागत इष्टिमेट तयार गरी सम्बन्धित ज्ञान केन्द्र वा विज्ञ केन्द्रमा पेश गर्ने,

(घ) कार्यक्रम सञ्चालन गर्नका लागि कृषकहरुका तर्फबाट हुनुपर्ने लगानीको सुनिश्चितता गर्ने,

(ङ) कार्यक्रम स्थलमा निर्माण हुने पुर्वाधार विकास सम्बन्धी कार्यका लागि ज्ञान केन्द्र वा विज्ञ केन्द्रसँग समन्वय गर्ने, र

(च) कार्यक्रम सञ्चालनका लागि ज्ञान केन्द्र वा विज्ञ केन्द्रले माग गरेको अन्य सहयोग तथा सरोकारवाला निकायहरुसँग समन्वय गर्ने,

७. <u>कार्यक्रम निर्देशक समितिः</u> (१) कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा समन्वयका लागि देहाय बमोजिमको कार्यक्रम निर्देशक समिति गठन गरिनेछः-

| | |
|---|---|
| (क) मन्त्री, मन्त्रालय | -संयोजक |
| (ख) सचिव, मन्त्रालय | -सदस्य |
| (ग) प्रमुख, कृषि विकास निर्देशनालय | -सदस्य |
| (घ) निर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | -सदस्य |
| (ङ) प्रमुख, योजना तथा अनुगमन महाशाखा, मन्त्रालय | -सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सञ्चालित कार्यक्रमलाई प्रभावकारी बनाउन अनुगमन तथा मुल्याङ्कन गर्ने वा गराउने,

(ख) निर्देशनालय तथा मातहतका अन्य निकायबाट प्राप्त प्रतिवेदन अध्ययन गरी सञ्चालित कार्यक्रमको प्रगति समिक्षा गर्ने र निर्देशन दिने,

(ग) उत्कृष्ट कार्य सम्पादन गर्ने ज्ञान केन्द्र वा विज्ञ केन्द्र वा मूख्यमन्त्री नमूना कृषि गाउँलाई पुरस्कृत गर्ने,

(घ) तोकिएको लक्ष्य प्रगति सुचाङ्क नपुर्याउने मूख्यमन्त्री नमूना कृषि गाउँको कार्यक्रम रद्द गर्न निर्देशन दिने,

(ङ) सञ्चालित कार्यक्रमको सम्बन्धमा प्राप्त भएका गुनासो व्यवस्थापन गर्ने,

(३) उपदफा (१) बमोजिम गठित समितिको बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम हुनेछः-

(क) समितिको बैठक संयोजकको निर्देशनमा सदस्य-सचिवले मिति, समय र स्थान तोकी बोलाउनु पर्नेछ ।

(ख) बहुमत सदस्यहरुको उपस्थितिलाई बैठकको गणपुरक संख्या मानिनेछ ।

(ग) समितिको बैठकको निर्णय बहुमतको आधारमा गरिनेछ ।

(घ) समितिले आवश्यकता अनुसार विषय विशेषज्ञ तथा सरोकारवालाहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(ङ) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(च) समितिको बैठक हरेक चौमासिकमा एक पटक र आवश्यकता अनुसार बस्नेछ ।

८. <u>सहजकर्ता करारमा लिन सकिने</u>:(१) सम्बन्धित ज्ञान केन्द्र वा विज्ञ केन्द्रले कार्यक्रम सञ्चालन हुने प्रत्येक मुख्यमन्त्री नमूना कृषि गाउँका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमती लिई एक जना गाउँ सहजकर्ता सेवा करारमा नियुक्त गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त गरिएको गाउँ सहजकर्ताको न्युनतम शैक्षिक योग्यता कृषि वा भेटेरीनरी विषय लिई एस.ई.ई. उत्तीर्ण वा एस.ई.ई. उत्तीर्ण गरी कृषि वा भेटेरीनरी विषयमा जे.टि.ए. तालिम प्राप्त हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम नियुक्त गरिएको गाउँ सहजकर्ताको पारिश्रमिक सेवा परामर्श शीर्षकबाट व्यवस्थापन गर्न सकिनेछ।

(४) यस दफा बमोजिम सेवा करारमा नियुक्त गाउँ सहजकर्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मुख्यमन्त्री नमूना कृषि गाउँका सम्बन्धित सरोकारवालाहरुसँग समन्वय गर्ने,

(ख) तथ्यांक संकलन गरी सम्बन्धित ज्ञान केन्द्र वा विज्ञ केन्द्रमा प्रतिवेदन पेश गर्ने,

(ग) तालिम, गोष्ठी, बैठक आदिको सहजीकरण गर्ने,

(घ) नियमित प्राविधिक सेवा दिने,

(ङ) प्रगति प्रतिवेदन सम्बन्धित ज्ञान केन्द्र वा विज्ञ केन्द्रमा पेश गर्ने,

प्रस्ताव तथा छनौट प्रक्रियाः (१) दफा ५ बमोजिम गठन भएको समितिले प्रचलित कानूनको सर्वमान्यतामा प्रतिकूल नहुने गरी विज्ञ केन्द्र वा ज्ञान केन्द्रमा अनुसूची-२ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको रीतपूर्वकको प्रस्ताव प्राप्त भएपछि प्रचलित कानून बमोजिम दर्ता गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता भएको प्रस्तावलाई ज्ञान केन्द्र वा विज्ञ केन्द्रले मुल्याङ्कन गरी आवश्यक परिमार्जनका लागि निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम मुल्यांकन भई आएको प्रस्तावलाई प्रचलित कानून बमोजिम स्वीकृत गरी कार्यान्वयनको चरणमा अगाडी बढाउन सकिनेछ ।

१०.लागत इष्टिमेट तथा सम्झौताः (१) दफा ९ बमोजिम छनौट भएका प्रस्तावलाई आवश्यक कागजातहरुसहित सम्झौता गर्न विज्ञ केन्द्र वा ज्ञान केन्द्रले १५ दिनको अवधि तोकी सूचना गर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको म्याद भित्र आएका समितिसँग अनुसूची-३ बमोजिमको ढाँचामा प्रचलित कानून अनुसार सम्झौता गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सम्झौता भएको कार्यक्रमको प्रचलित कानून बमोजिम तयार गरिएको विस्तृत लागत इष्टिमेट ज्ञान केन्द्र वा विज्ञ केन्द्रले समितिलाई उपलव्ध गराउनु पर्नेछ ।

## परिच्छेद-३

## मुख्यमन्त्री नमूना कृषि गाउँमा सञ्चालन गरिने क्रियाकलापहरु

११. क्षमता विकास कार्यक्रमः (१) सम्बन्धित ज्ञान केन्द्र वा विज्ञ केन्द्रले समितिको मागमा, कार्यक्रम क्षेत्र भित्रका कृषक, कृषक समुह, कृषि सहकारी संस्था, कृषि उद्यमी लगायत अन्य सरोकारवालाको उपस्थितिमा कार्यक्रम सञ्चालन सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नेछ ।

(२) ज्ञान केन्द्र वा विज्ञ केन्द्रले प्रत्येक नमूना कृषि गाउँ कार्यक्रम सञ्चालन स्थलमा सम्बन्धित बाली, वस्तु, पशुपन्छी, मत्स्य उत्पादन प्रविधि, बजारीकरण, मूल्य श्रृंखला विकास लगायतका विविध पक्षहरु समेटिने गरी स्थलगत तालिम कार्यक्रम सञ्चालन गर्नेछ ।

१२. <u>एकीकृत घुम्ती प्रयोगशाला सेवा सञ्चालन</u>ः ज्ञान केन्द्र वा विज्ञ केन्द्रले समितिको माग अनुसार कार्यक्रम सञ्चालन स्थलमा एकीकृत माटो, बीउ, बाली संरक्षण सेवा, पशु स्वास्थ सेवा आदि उपलव्ध गराउन स्थलगत एकीकृत घुम्ती प्रयोगशाला सेवा सञ्चालनमा ल्याउनेछ ।

१३.<u>उत्पादन सामग्री सहयोगः</u> (१) नमूना कार्यक्रम सञ्चालन स्थलमा आवश्यक उत्पादन सामग्री जस्तै बीउ, बेर्ना, विषादी, सुक्ष्म खाद्यतत्व, नर्सरी संरचना, ग्रीन हाउस, नेट हाउस, कुखुराको खोर, बाख्रा, गाई भैसी, बंगुरको गोठ, माछा पोखरी आदिमा ५० प्रतिशत अनुदान प्रदान गरिनेछ ।

(२) सरकारले संघ, प्रदेश वा स्थानीय तहबाट पहिले नै अनुदान उपलब्ध गराइएका कार्यक्रमहरुमा दोहोरो पर्ने गरी अनुदान उपलब्ध गराइने छैन ।

१४.<u>कृषि यान्त्रीकरण सहयोगः</u>(१) सम्बन्धित नमूना कार्यक्रम सञ्चालन स्थलमा तोकिएको बाली, पशुपन्छी, मत्स्यमा यान्त्रीकरण प्रवर्द्धनका लागि उक्त बाली, वस्तु, पशुपन्छी, मत्स्यको उत्पादनदेखि भण्डारणसम्म आवश्यक पर्ने सबै प्रकारका मेशिनरी औजार उपकरणको सेट खरिदमा ५० प्रतिशत पूँजीगत अनुदान उपलव्ध गराउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त अनुदानमा खरिद गरिएको यन्त्र उपकरण ज्ञान केन्द्र वा विज्ञ केन्द्रको निर्देशन अनुसार कार्यक्रम क्षेत्रका कृषकहरुलाई सेवा दिन मात्र प्रयोग गर्नु पर्नेछ ।

१५.<u>प्रशोधन तथा बजारीकरण पुर्वाधार स्थापना सहयोगः</u> (१) सम्बन्धित उत्पादन स्थलमा उत्पादन भएको कृषि तथा पशुजन्य वस्तुलाई बजारीकरणका लागि तयार गर्न, भण्डारण गर्न, उत्पादन उपरान्तको क्षति न्युनीकरण गर्न, प्याकेजिङ्ग र ढुवानी गर्नका लागि आबश्यक संकलन केन्द्र, प्रशोधन केन्द्र, गोदाम घर, ग्रेडिंग उपकरणहरु लगायतका उत्पादनोपरान्त आवश्यक पूर्वाधारहरुमा ८५ प्रतिशत पूँजीगत अनुदान उपलव्ध गराइनेछ ।

(२) प्रशोधन तथा बजारीकरण पुर्वाधार स्थापनाका लागि छनौट भएकां मूख्यमन्त्री नमूना गाउँ कृषक समन्वय समितिले आवश्यक जग्गाको व्यवस्था मिलाउनु पर्नेछ ।

सचिव

मा.मन्त्री
विनिता देवी चौधरी

१६. <u>साना सिंचाइ निर्माण तथा मर्मत सम्भार सहयोग</u>: (१) नमूना कृषि गाउँमा सिंचाइ सुविधा विस्तार, निर्माण तथा मर्मत सुधारका लागि साना सिंचाइ कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम साना सिंचाइ कार्यक्रम सञ्चालन गर्दा प्राविधिक इष्टिमेटका आधारमा ८५ प्रतिशत अनुदान प्रदान गरिनेछ ।

१७. <u>मत्स्य पोखरी निर्माण तथा ह्याचरी स्थापना सहयोग कार्यक्रम</u>: मत्स्य पोखरी र ह्याचरी स्थापनाका लागि मत्स्य विकास केन्द्र गेटाको सहयोग र समन्वयमा सम्बन्धित विज्ञ केन्द्रमार्फत ५० प्रतिशत अनुदान प्रदान गरिनेछ ।

१८. <u>व्यावसायिक पशुपन्छीपालन तथा उत्पादन, बजारीकरण सहयोग कार्यक्रम</u>:(१) मुख्यमन्त्री नमूना कृषि गाउँमा उन्नत तथा व्यवसायिक पशुपालनमा नश्ल सुधारका लागि उन्नत नश्लको राँगो, साँढे, बोका, थुमाका साथै सम्भाव्यताका आधारमा कृत्रिम गर्भाधान सेवाका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) पशु आहरा आपुर्तिका लागि बृहत घाँस खेती, घाँसको बीउ उत्पादनका लागि करार खेती, डाले घाँस र भुँई घाँसको बहुउद्देश्यीय नर्सरी स्थापना गरिनेछ ।

(३) पशु स्वास्थ्य व्यवस्थापनका लागि जैविक सुरक्षा सुदृढीकरण, महामारीजन्य रोग विरूद्ध नियमित खोप, रणनैतिक परजिवी नियन्त्रण आदिमा जोड दिइनेछ ।

(४) पशुपन्छीजन्य वस्तु हाटबजार, दुग्ध संकलन केन्द्र, जिउँदो तयारी कुखुरा सहकारी बजार, कुखुराको अण्डा बजार, माछा बजार, खसी बोका संकलन केन्द्र आदि कार्यक्रम सञ्चालन गर्दा प्राविधिक इष्टिमेटका आधारमा ८५ प्रतिशत अनुदान प्रदान गरिनेछ ।

सचिव

मा.मन्त्री
विनिता देवी चौधरी

परिच्छेद -४

## कार्यक्रमको अनुगमन, मुल्यांकन तथा प्रतिवेदन

१९. कार्यक्रमको अनुगमन, मुल्यांकन तथा प्रतिवेदनः (१) मूख्यमन्त्री नमूना कृषि गाउँमा सञ्चालित कार्यक्रमको अनुगमन गर्ने मुख्य जिम्मेवारी सम्बन्धित ज्ञान केन्द्र वा विज्ञ केन्द्रको हुनेछ ।

(२) सञ्चालित कार्यक्रमको मन्त्रालय वा निर्देशनालयले जुनसुकै बखत अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम अनुगमन तथा निरीक्षण गरेको प्रतिवेदन ज्ञान केन्द्र वा विज्ञ केन्द्रले निर्देशनालयमार्फत मन्त्रालयमा र निर्देशनालयले मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम मन्त्रालयले गरेको अनुगमन तथा निरीक्षणको प्रतिवेदन र उपदफा (३) बमोजिमको प्रतिवेदन मन्त्रालयले मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ ।

(५) यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको सम्झौता बमोजिमको लागत इष्टिमेट अनुसार गुणस्तरीय काम नभएको वा आर्थिक अपचलन भएको लगायतका विषयमा उजुरी वा गुनासो प्राप्त भएमा मन्त्रालयले सम्बन्धित विषय ज्ञान सहितको टोली गठन गरी जाँचबुझ गराउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम गठित टोलीले स्थलगत रुपमा जाँचबुझ गरी प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम प्रतिवेदन प्राप्त भएपछि सम्झौता बमोजिमको लागत इष्टिमेट अनुसार गुणस्तरीय काम नभएको देखिएमा सो बमोजिम गर्न वा गराउन सम्बन्धित समितिलाई निर्देशन दिनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम प्राप्त निर्देशनलाई समितिले प्रभावकारी ढंगले कार्यान्वयन गर्नु पर्नेछ ।

(९) उपदफा (७) बमोजिम प्राप्त निर्देशनलाई कार्यान्वयन नगर्ने समितिलाई प्रचलित कानून बमोजिम मन्त्रालयले कारवाही गर्न वा कारवाहीका लागि सिफारिस गर्न सक्नेछ ।

(१०) उपदफा (६) बमोजिम प्राप्त प्रतिवेदनबाट आर्थिक अपचलन भएको देखिएमा मन्त्रालयले आवश्यक अनुसन्धान तथा कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

(११) सञ्चालित कार्यक्रमको निर्देशक समिति, मन्त्रालय तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सोझै अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

२०. <u>सार्वजनिक परीक्षण</u> : (१) समितिले सम्झौता बमोजिमको कार्यसम्पन्न गरिसके पश्चात कार्यक्रमको देहाय विधि प्रयोग गरी सार्वजनिक परीक्षण गर्नु पर्नेछ :-

(क) सार्वजनिक वा नागरिक सुनुवाई, र

(ख) प्रदेश सरकारबाट उपलव्ध स्रोतबाट प्रस्तावनामा लेखिएको उपलव्धी हासिल भए नभएको सर्वेक्षण प्रतिवेदन ।

(२) सार्वजनिक परीक्षणमा मन्त्रालय, निर्देशनालय, ज्ञान केन्द्र, विज्ञ केन्द्र लगायतका निकायहरुबाट प्रतिनिधिहरु र आमसरोकारवालाहरुको उपस्थिति हुनु आवश्यक छ ।

२१. <u>कार्यक्रमको प्राविधिक मूल्याङ्कन, जाँचपास र फरफारक</u>: (१) यस कार्यविधि बमोजिम सम्झौता अनुसारको कार्यसम्पन्न भई दफा २० बमोजिम सार्वजनिक परीक्षण समेत सम्पन्न भएपछि समितिले सक्कल बिल, भौचर लगायत आवश्यक विवरण कागजात सहित ज्ञान केन्द्र वा विज्ञ केन्द्र समक्ष भुक्तानीका लागि निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि ज्ञान केन्द्र वा विज्ञ केन्द्रले सम्बन्धित विषयका प्राविधिकहरुको टोली स्थलगत रुपमा खटाई पछिसम्म फरक नपर्ने गरी अनुसुची-४ बमोजिम ढाँचामा कार्यसम्पन्न प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम खटिएको प्राविधिक टोलीले दफा १९ बमोजिम अनुगमन तथा निरीक्षणबाट औंल्याएको विषय कार्यान्वयन भए नभएको व्यहोरा समेत कार्यसम्पन्न प्रतिवेदनमा खुलाउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम खटिएको टोलीले पेश गरेको कार्यसम्पन्न प्रतिवेदनका आधारमा ज्ञान केन्द्र वा विज्ञ केन्द्रले प्रचलित कानून बमोजिम समितिको बैंक खातामार्फत अनुदान रकम भुक्तानी गर्नेछ ।

(५) उपदफा (४) बमोजिम अनुदानको रकम भुक्तानी भएको जानकारी ७ दिन भित्र मन्त्रालयमा दिनु पर्नेछ ।

सचिव

मा.मन्त्री
...देवी चौधरी

## परिच्छेद-५
## विविध

प्रदेश सरकार सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय धनगढी, कैलाली

२२. प्रगति प्रतिवेदन :(१) यस कार्यविधि बमोजिम भएको काम कारवाहीको विवरण सहितको चौमासिक प्रतिवेदन ज्ञान केन्द्र वा विज्ञ केन्द्रले मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदन मन्त्रालयले मूख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा समेत पठाउनु पर्नेछ ।

(३) मन्त्रालयले आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र यस कार्यविधि बमोजिम सञ्चालन भएको कार्यक्रमको प्रदेशस्तरमा प्रगति समिक्षा गर्नेछ।

२३. कार्यक्रम रद्द गर्न सकिनेः (१) नमूना कृषि गाउँमा आवश्यकता अनुसार लगातार तीन वर्षसम्म कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(२) अनुसूची-१ बमोजिमको मापदण्ड र प्रगति मूल्याङकन सुचाङ्कका आधारमा कम्तीमा ५० प्रतिशत लक्ष्य प्राप्त गर्न नसक्ने गाउँको कार्यक्रम रद्द गर्न सकिनेछ ।

२४. पुर्वाधारहरुको प्रयोगः कार्यक्रम क्षेत्रका कृषकलाई असुविधा नहुने गरी सो भन्दा अन्य ठाउँमा यस्ता पुर्वाधारहरु सञ्चालन गर्नुपरेमा वा अन्य क्षेत्रका कृषकहरुलाई सो पुर्वाधारबाट सेवा दिनुपर्ने भएमा सम्बन्धित ज्ञान केन्द्र वा विज्ञ केन्द्रको सहमति लिनुपर्नेछ ।

२५. पूर्वाधार तथा उपकरणहरु जफत गर्न सकिनेः अनुदान प्राप्त पुर्वाधार तथा उपकरणहरु निस्क्रिय राखेमा, गैर कृषि कार्यमा प्रयोग गरेको पाइएमा वा सम्बन्धित ज्ञान केन्द्र वा विज्ञ केन्द्रको निर्देशन अनुसार नमूना कृषि कार्यक्रमको उद्देश्य प्राप्तिका लागि प्रयोग नगरेमा सम्बन्धित ज्ञान केन्द्र वा विज्ञ केन्द्रले सो पुर्वाधार तथा उपकरणहरु जफत गरी कार्यक्रम क्षेत्रका अन्य कृषक समुह वा सहकारी संस्था वा जल उपभोक्ता समूह वा कृषक उद्यमीलाई प्रदान गर्न सक्नेछ ।

२६. लेखा तथा लेखापरीक्षण : कार्यक्रमको खर्चको लेखा व्यवस्थापन तथा लेखापरीक्षण प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

सचिव

मा.मन्त्री
बिनिता देवी चौधरी

२७.<u>निर्देशन दिन सक्ने</u>ः यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको कार्यान्वयनलाई पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले निर्देशनालय वा ज्ञान केन्द्रलाई निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशन सम्बन्धित सबैले पालना गर्नु पर्नेछ।

२८. <u>प्रचलित कानून बमोजिम हुने</u>ः प्रचलित कानूनको सर्वमान्यतामा प्रतिकूल नहुने गरी यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

२९. <u>बाधा अड्काउ फुकाउने र संशोधन</u>ः (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयन गर्न बाधा परेमा मन्त्रालयले प्रचलित कानूनको प्रतिकूल नहुने गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

(२) प्रदेश सरकार (मन्त्रिपरिषद्) ले यस कार्यविधिमा संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

सचिव

मा.मन्त्री
विनिता देवी चौधरी

अनुसूची-१

(दफा ४ उपदफा (२) सँग सम्बन्धित)

<u>नमूना कृषि गाउँका अन्य मापदण्डहरु</u>

प्रदेश सरकार सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय धनगढी, कैलाली

| क्र.सं | बाली/वस्तुभाउ/पशुपन्छी/मत्स्य | आवश्यक न्युनतम क्षेत्रफल/संख्या |
|---|---|---|
| १ | खाद्यान्न बाली | तराईमा ५० विघा र पहाडमा ४०० रोपनी |
| २ | तरकारी बाली | तराईमा ३० विघा र पहाडमा २०० रोपनी वा ५० टनेल |
| ३ | फलफुल बाली | तराईमा ३० विघा र पहाडमा २०० रोपनी |
| ४ | च्याउ | २५०० डल्ला वा ५० टनेल |
| ५ | तेलहन/दलहन बाली | ४० विघा र पहाडमा ३०० रोपनी |
| ६ | माछा | तराईमा २० विघा, पहाडमा ५० रोपनी, रेन्बो ट्राउटका हकमा १० वटा रेसवे |
| ७ | उन्नत गाई/भैंसी | १५० वटा माउ |
| ८ | भेडा/बाख्रा | १००० वटा |
| ९ | कुखुरा | • ग्रामीण कुखुरा, स्थानीय कुखुरा डुअल उद्देश्य ५००० प्रति लट र २ लट प्रति वर्ष<br>• ब्रोइलर कुखुरा कम्तीमा २०,००० प्रतिलट र ५ लट प्रति वर्ष<br>• लेयर्स कम्तीमा २५,००० प्रति गाउँ प्रति लट |
| १० | बंगुर, सुँगुर | • पाठा उत्पादन गरी बिक्री वितरणका लागि माउ २५० र मासु फ्याटेनिङका लागि १००० वटा |

सचिव

मा.मन्त्री
बिनिता देवी चौधरी

अनुसूची-२

(दफा ९ उपदफा (१) सँग सम्बन्धित)

प्रस्तावको ढाँचा

.......................... कार्यक्रमको प्रस्ताव पत्र

| | |
|---|---|
| क. कार्यक्रमको सामान्य परिचय | |
| आवेदकको नाम | |
| ठेगाना | |
| सम्पर्क व्यक्तिको नाम | |
| टेलिफोन नं. | |
| आवेदकको परिचय, अनुभव तथा हाल सञ्चालन गरिरहेका क्रियाकलापहरु | |
| यस कार्यक्रम अन्तरगत सञ्चालन गरिने प्रस्तावित क्रियाकलापहरु | |
| कार्यक्रमको जम्मा लागत रु | |
| अनुदान माग गरेको रकम रु | |
| कार्यक्रम सञ्चालन गरिने स्थल | जिल्ला<br>गा.पा/न.पा<br>स्थान |

ख. कार्यक्रमबाट हुने लाभान्वितहरुको विवरण

| लाभान्वितको किसिम | संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | पुरुष | महिला | दलित | जनजाति | भूमिहिन | अन्य |
| कृषक | | | | | | | |
| व्यापारी | | | | | | | |

ग. कार्यक्रम सञ्चालन पश्चात प्राप्त हुने प्रतिफलहरु

१.
२.
३.
४.

घ. लागत साझेदारी

| सि.नं | क्रियाकलापको नाम | इकाई | परिमाण | जम्मा लागत | आफ्नो लगानी | अनुदान |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

घ. अनुमानित उत्पादन तथा बिक्रि आम्दानि

| सि.नं | उत्पादनको नाम | इकाइ | परिणाम | दर | जम्मा उत्पादनको बजार मुल्य |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

ङ. कार्यक्रमको दिगोपना तथा निरन्तरता

अनुसूची-३

(दफा १० उपदफा (२) सँग सम्बन्धित)

## लागत साझेदारी तथा सम्झौता पत्रको ढाँचा

कृषि ज्ञान केन्द्र..................... र.............................................................. बीच मुख्यमन्त्री एकीकृत कृषि तथा पशु विकास कार्यक्रम अन्तर्गत....................................... योजना सञ्चालनका लागि भएको सम्झौता पत्र

कृषि ज्ञान केन्द्र..................... (यस पछि यस लिखतमा प्रथम पक्ष भनिने) र............................ (यस पछि यस लिखतमा दोस्रो पक्ष भनिने) बीच आ.व. ......... को मुख्यमन्त्री एकीकृत कृषि तथा पशु विकास कार्यक्रम अन्तर्गत ......................................... कार्यक्रम सञ्चालनका लागि अनुदान उपलब्ध गराउने प्रयोजनका लागि तपसिलका शर्तनामाहरु तथा लागत साझेदारीको अधिनमा रहने गरी द्विपक्षीय सम्झौता गरिएको छ ।

**शर्तनामाहरुः**

१. प्रथम पक्षले यस सम्झौता बमोजिमको कार्यक्रम सञ्चालनका लागि जम्मा अनुदान रकम रु........................ (अक्षेरुपी रु. .................................. मात्र) प्रदान गर्नेछ ।

२. कार्यक्रमको लागत साझेदारी तथा इष्टिमेट

| क्र.सं. | विवरण | इकाई | परिमाण | दर | जम्मा रकम रु | कार्यालयको अनुदान रु. | आवेदकको स्वलगानी रु. |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| जम्मा रु | | | | | | | |

३. दोस्रो पक्षले सञ्चालन गर्ने सम्पूर्ण क्रियाकलाप प्रथम पक्षको प्राविधिक रेखदेख र निर्देशन बमोजिम गर्नुपर्नेछ ।

४. दोस्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा कार्यक्रम सम्बन्धि पूर्ण जानकारी झल्किने बोर्ड राख्नुपर्नेछ ।

सचिव

मा.मन्त्री ... चौधरी

५. प्रथम पक्षले जुनसुकै बेलामा पनि कार्यक्रमको अनुगमन तथा निरीक्षण गर्नसक्नेछ । सो क्रममा प्रथम पक्षले माग गरेको जानकारी दोस्रो पक्षले अनिवार्य रुपले उपलब्ध गराउनुपर्नेछ ।

६. दोस्रो पक्षले सम्झौता बमोजिमको कार्य मिति................ भित्र अनिवार्य रुपले सम्पन्न गरी भुक्तानीका लागि आवश्यक कागजात प्रथम पक्ष समक्ष पेश गर्नेछ ।

७. भुक्तानी सम्बन्धमा दोस्रो पक्षले प्रथम पक्षलाई आवश्यक कागजातहरु पेश गरिसके पश्चात, प्रथम पक्षले स्थलगत निरिक्षण गरी तयार गरेको कार्यसम्पन्न प्रतिवेदनका आधारमा दोस्रो पक्षको बैंक खाता मार्फत भुक्तानि दिनेछ ।

८. दोस्रो पक्षले अनिवार्य रुपमा कार्यक्रमको सामाजिक परीक्षण गराउनु पर्नेछ ।

९. यस सम्झौतामा उल्लेखित शर्तहरु दुवै पक्षका लागि समान रुपले मान्य तथा बन्धनकारी हुनेछन् । कुनै एक पक्षले सम्झौताको शर्तहरुको पालना नगरेमा अर्को पक्ष एकतर्फी रुपमा सम्झौता भंग गर्न स्वतन्त्र हुनेछ ।

१०. यस सम्झौतामा रहेका शर्तहरु यसै बमोजिम र नपरेका कुराहरु प्रचलित नियम तथा कानून बमोजिम हुनेछन् ।

| | |
|---|---|
| **प्रथम पक्षको तर्फबाट** | **दोश्रो पक्षको तर्फबाट** |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |
| कार्यालयको छापः | छापः |

सचिव

मा.मन्त्री
विनिता देवी चौधरी

अनुसूची- ४

## कार्यसम्पन्न प्रतिवेदनको ढाँचा

(दफा २१ उपदफा (२) सँग सम्बन्धित)

प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ........................

........................ कार्यक्रम

कार्यसम्पन्न प्रतिवेदन

योजनाको नाम

स्थान

सम्झौता मिति

कार्य सम्पन्न भएको मिति

इष्टिमेट अनुसारको रकम रु

खूद कार्य भए बमोजिमको रकम रु

खुद बढी भएको रकम रु

खुद घटी भएको रकम रु

घटी बढी हुनुको कारण

कार्यसम्पन्न हुनुपर्ने मिति

कृषक/कृषक संस्थाको नाम

सम्पर्क व्यक्ति/अध्यक्षको नाम

| क सं | कार्यको विवरण | इकाई | लगत इष्टिमेट अनुसार | | | खुद काम भएको (स्थलगत नापि अनुसार) | | | फरक | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | दर | रकम | परिमाण | दर | रकम | परिमाण | दर | रकम | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | |
| | | | | | कार्यालय अनुदान | | | | | | | |
| | | | | | स्वलगानी....... % | | | | | | | |

तयार गर्ने | काम गर्ने | जाँच गर्ने | सदर गर्ने

छाप

सचिव

मा.मन्त्री

...ता देवी चौधरी